# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, असोज २१ गते २०४२ साल (संख्या २६


## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना १

#### वन्यजन्तु आरक्ष (पहिलो संशोधन) नियमावली, २०४२

वन्यजन्तु आरक्ष नियमावली, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "वन्यजन्तु आरक्ष (पहिलो संशोधन) नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. वन्यजन्तु आरक्ष नियमावली, २०३४ को नियम २ मा संशोधनः वन्यजन्तु आरक्ष नियमावली, २०३४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) "संरक्षक" भन्नाले आरक्षको मुख्य अधिकृत सम्झनुपर्छ ।"

३. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः–

"४. आरक्षभित्र प्रवेशः (१) आरक्षभित्र प्रवेश गर्न चाहने वा आरक्षभित्र क्याम्पिङ्ग गर्न (वास बस्न) चाहने व्यक्तिले अनुसूची १ बमोजिमको दस्तूर बुझाई अनुसूची २ बमोजिमको प्रवेशपत्र लिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम १६ बमोजिम बाटोको सुविधा प्रयोग गर्ने व्यक्तिले आरक्षको सम्बन्धित प्रवेशचौकीबाट अनुमति लिई आरक्षभित्रबाट हिंडेकोमा कुनै दस्तूर लाग्नेछैन ।

(३) आरक्षको अध्ययन भ्रमण गर्न चाहने कुनै शिक्षण संस्था वा अन्य कुनै संस्थाको टोलीलाई संरक्षकले निःशुल्क प्रवेश गर्न दिन सक्नेछ ।"

४. मूल नियमावलीको नियम ८ मा संशोधन : मूल नियमावलीको नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छ ।

"८. क्षति पुऱ्याउन नहुने : (१) आरक्षको सिमानाभित्र वा बाहिरबाट आगो बाली वा अन्य कुनै प्रकारबाट आरक्षभित्रको वनस्पति, झारपात वा अन्य कुनै चिज वस्तुलाई क्षति पुऱ्याउन हुँदैन ।

(२) आरक्षभित्रको बाटो, पुल, मचान, घर, कार्यलिय भवन, तारवार, चिह्नपट वा अन्य कुनै चिज वस्तुलाई क्षति पुऱ्याउन हुँदैन ।"

५. मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छ:–

"१०. अनुमतिपत्र नलिई माछा मार्न नपाइने : संरक्षकले तोकिदिएको शर्त पालना गर्ने गरी अनुसूची १ बमोजिम दस्तूर बुझाई अनुसूची ३ बमोजिम अनुमतिपत्र नलिई आरक्षभित्र रहेको खोला वा पोखरीमा माछा वा अन्य कुनै जलचर मार्न पाइनेछैन ।"

६. मूल नियमावलीको नियम १६ मा संशोधन : मूल नियमावलीको नियम १६ को खण्ड (क) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ:–

"तर आरक्षभित्र कुनै सरकारी परियोजनासम्बन्धी निर्माण कार्य गर्नु परेमा श्री ५ को सरकारले पाँच टनभन्दा बढी ओजनको सवारी चलाउन स्वीकृति दिन सक्नेछ ।"

७. मूल नियमावलीमा नियम १६ क.थप : मूल नियमावलीको नियम १६ पछि देहायको नियम १६ क. थपिएको छ:–

"१६ क. आरक्षभित्रको राजमार्ग खुला रहने : आरक्षभित्रबाट जाने राजमार्ग कुनै पनि ओजनको सवारीका लागि सधैं खुला रहनेछ । त्यसरी राजमार्गबाट जाने सवारीमा रहेका सबै सामानहरू प्रवेशचौकीमा जँचाई लैजान र इजाजतपत्र प्राप्त हातहतियार साथमा लैजानसमेत नियम ७ मा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिनेछैन ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८२

८. मूल नियमावलीमा नियम १६क. थप : मूल नियमावलीको नियम १६ पछि देहायको नियम १६क. थपिएको छ:–

"१६क. दस्तूर बुझाउनु पर्ने : आरक्षभित्र देहायका काम गर्न चाहने व्यक्तिले अनुसूची १ बमोजिम दस्तूर बुझाई अनुसूची ४ बमोजिमको अनुमतिपत्र लिनु पर्नेछ ।

(क) सवारी चलाउन,
(ख) आरक्षको गाईडको सेवा उपलब्ध गर्न,
(ग) खर खडई काट्न,
(घ) नियम १६ अनुसार सुविधा प्राप्त बाटोबाट घर पालुवा जन्तु आफ्नो साथ लैजान ।"

९. मूल नियमावलीको नियम २३ मा संशोधन : मूल नियमावलीको नियम २३ को सट्टा देहायको नियम २३ राखिएको छ:–

"२३. मुद्दा हेर्ने अधिकारी : (१) यस नियमावलीअन्तर्गतका कसूरसम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार संरक्षकलाई हुनेछ ।

(२) उपनियम (१) को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कसूरसम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सहायक संरक्षक वा रेञ्जरलाई हुनेछ ।

(क) नियम ४ बमोजिम प्रवेशपत्र नलिई आरक्षभित्र प्रवेश गरेमा,
(ख) नियम ६ को खण्ड (ग), (घ) वा (ङ) को बर्खिलाप कुनै काम कारवाही गरेमा,
(ग) नियम १० बमोजिम अनुमति नलिई माछा वा अन्य कुनै जलचर मारेमा,
(घ) नियम १२ को बर्खिलाप चिह्नपट, सूचना, विज्ञापन, वा पोष्टरहरू टाँसेमा वा राखेमा,
(ङ) नियम १३ को बर्खिलाप बाजा बजाएमा,
(च) नियम १४ को बर्खिलाप फोहर मैला गरेमा वा फ्याँकेमा,
(छ) नियम १६ वा १७ को बर्खिलाप सवारी चलाएमा,
(ज) नियम १८ को बर्खिलाप आरक्षभित्र पसेमा, हिंडडुल गरेमा वा सवारी चलाएमा,
(झ) नियम १६ को बर्खिलाप काम कारवाही गरेमा ।"

१०. मूल नियमावलीमा नियम २३क. थप : मूल नियमावलीको नियम २३ पछि देहायको नियम २३क. थपिएको छ:–

"२३क. अनुसूचीमा संशोधन : श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीहरूमा संशोधन गर्न सक्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८३

## अनुसूची–१

(नियम ४,१० र १९ क. संग सम्बन्धित)

(क) आरक्षको प्रवेश दस्तूर (प्रतिव्यक्ति प्रत्येक प्रवेशको लागि)

नेपाली नागरिकलाई – – – – – – – – – – – रू. ५।–

विदेशी नागरिकलाई – – – – – – – – – – – रू. ५०।–

द्रष्टव्यः पाँच वर्षदेखि बाह्र वर्षसम्मका केटाकेटीलाई माथिको दस्तूरको आधा दस्तूर लाग्नेछ र पाँच वर्षभन्दा मुनिका केटाकेटीलाई प्रवेश दस्तूर लाग्नेछैन ।

(ख) क्याम्पिङ्ग (वास बस्ने) दस्तूर (प्रतिव्यक्ति प्रत्येक रातको लागि)

नेपाली नागरिक – – – – – – – – – – – – – रू. ५।–

विदेशी नागरिक – – – – – – – – – – – – रू. २५।–

(ग) माछा मार्ने दस्तूर (बल्छीले मात्र प्रतिव्यक्ति प्रतिदिनको लागि)

नेपाली नागरिक – – – – – – – – – – – – – रू. ५।–

विदेशी नागरिक – – – – – – – – – – – – –रू. २५।–

(घ) सवारी साधन दस्तूर (बाटोको सुविधा प्राप्त बाटो वा अन्य बाटोको लागि)

कार, जीप – – – – – – – – – – – – – – – रू. १०।–

ट्रक, बस, ट्रेक्टर – – – – – – – – – – – – – – रू. २५।–

(ङ) गाईडको सेवा उपलब्ध गरेबापत लाग्ने दस्तूर

प्रत्येक गाईडलाई प्रतिदिनको – – – – – – – –रू. २०।–

(च) खर, खडई दस्तूर – – – – – – – – – – – रू. १।–

(छ) प्रत्येक घर पालुवा जीवजन्तुलाई आरक्षको सुविधा प्राप्त बाटोबाट लैजाँदाको दस्तूर

हात्ती – – – – – – – – – – – – – – – – – – रू. ५।–

भैंसी, राँगो, गाई, गोरू, घोडा र खच्चर– – – – – रू. १।–

भेडा, बाख्रा, कुकुर, सुँगुर र अन्य यस्तै जन्तु – – रू. –।२५

बयल गाडा, राँगा गाडा – – – – – – – – – रू. ५।–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२

(नियम ४ (१) संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

– – – – – – – – – – – आरक्ष कार्यालय

सि.नं...........

मितिः..........

प्रवेशपत्र

प्रवेशपत्र लिने व्यक्तिको नाम, थर, वतन :–

उमेरः–

नागरिकताः–

प्रवेश गर्ने व्यक्तिको संख्याः–

प्रवेश दस्तूरः–

प्रवेशपत्र प्रदान गर्नेको दस्तखत

अनुसूची–३

(नियम १० संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

– – – – – – – – आरक्ष कार्यालय

सि.नं.:–

मितिः–

अनुमतिपत्र

अनुमतिपत्र लिने व्यक्तिको नाम, थर, वतनः–

उमेरः–

नागरिकताः–

माछा मार्न पाउने खोला वा पोखरीको नाप, खण्डः–

अनुमतिपत्र बहाल रहने अवधिः–

माछा मार्दा पालन गर्नुपर्ने शर्तः–

अनुमतिपत्र दस्तूरः–

अनुमतिपत्र प्रदान गर्नेको दस्तखत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८५